प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, (प्रशासन, अंग्रेजी, गणित, विज्ञान, नेपाली, शारीरिक शिक्षा र सामाजिक शिक्षा) उपसमूह, अधिकृतस्तर सातौ तह, शिक्षा अधिकृत र प्रशिक्षक वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा तथा स्थानीय सेवाको स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह अधिकृतस्तर सातौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र परीक्षा योजना

पाठ्यक्रमको रुपरेखाः यस पाठ्यक्रम योजनालाई तीन चरणमा विभाजन गरिएको छ।

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| प्रथम चरण | प्रारम्भिक परीक्षा (Preliminary Exam) | १०० |
| द्वितीय चरण | लिखित परीक्षा (Written Exam) | २०० |
| अन्तिम चरण | सामूहिक परीक्षण (Group Test) र अन्तरवार्ता (Interview) | ४० |

## परीक्षा योजना (Examination Scheme)

१. प्रथम चरणः प्रारम्भिक परीक्षा (Preliminary Exam) पूर्णाङ्कः १००

| पत्र | विषय | खण्ड | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्याxअङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | General Subject | General knowledge & General Ability Test | १०० | ४५ | बस्तुगत (Objective) बहुवैकल्पिक प्रश्न (MCQs) | १००x१=१०० | १ घण्टा ३० मिनेट |

२. द्वितीय चरणः- लिखित परीक्षा (Written Exam) पूर्णाङ्कः २००

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्याxअङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | General Technical Subject | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>लामो उत्तर | १०x५=५०<br>५x१०=५० | ३ घण्टा |
| द्वितीय | Service-Group Specific Subject | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>लामो उत्तर | ८x५=४०<br>६x१०=६० | ३ घण्टा |

३. अन्तिम चरणः- सामूहिक परीक्षण (Group Test) र अन्तर्वार्ता (Interview) पूर्णाङ्कः ५०

| पत्र/विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| सामूहिक परीक्षण (Group Test) | १० | सामूहिक छलफल (Group Discussion) | ३० मिनेट |
| अन्तर्वार्ता (Interview) | ३० | अन्तर्वार्ता (Board Interview) | |

**द्रष्टव्यः**

१. यस पाठ्यक्रमलाई प्रथम चरण, द्वितीय चरण र अन्तिम चरणमा विभाजन गरिएको छ।

२. परीक्षाको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुबै हुन सक्नेछ।

३. खुला र समावेशी समूहको एउटै प्रश्नपत्रबाट परीक्षा सञ्चालन हुनेछ।

४. प्रदेश निजामती सेवाको प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह (प्रशासन, अंग्रेजी, गणित, विज्ञान, नेपाली, शारीरिक शिक्षा र सामाजिक शिक्षा) उपसमूह, अधिकृतस्तर सातौं तह, शिक्षा अधिकृत, प्रशिक्षक वा सो सरह पद तथा स्थानीय सेवाको स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह अधिकृतस्तर सातौ तह वा सो सरह पदको प्रथम चरणको प्रारम्भिक परीक्षा (Preliminary Exam) र द्वितीय चरणको लिखित परीक्षा (Written Exam) को प्रथम पत्रको General Technical Subject विषयको लिखित परीक्षा संयुक्त र एकीकृत रुपमा सञ्चालन हुनेछ । तर तृतीय पत्रको लिखित परीक्षा समूह/उपसमूह अनुरुप फरक फरक प्रश्नबाट फरक फरक समयमा सञ्चालन हुनेछ।

५. बस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

६. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।

७. विषयगत प्रश्नहरुको हकमा तोकिएको अङ्कमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिनेछ।

८. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ।

९. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक भाग/खण्डका प्रश्नहरुको उत्तर सोही भाग/खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१०. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेका विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

११. लिखित परीक्षाको प्रथम चरणमा प्रारम्भिक परीक्षा हुनेछ। यस प्रारम्भिक परीक्षालाई छनौट परीक्षाको रुपमा मात्र लिई यस परीक्षाको प्राप्ताङ्कलाई अन्तिम नतिजाको अङ्कमा समावेश गरिने छैन।

१२. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ।

१३. अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुने उम्मेदवारहरुले प्रथम चरणको प्रारम्भिक परीक्षा दिनुपर्ने छैन्।

१४. द्वितीय चरणको लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

१५. अन्तिम चरणको सामूहिक परीक्षणमा उपस्थित नहुने उम्मेदवारलाई अन्तर्वार्तामा सम्मिलित गराईने छैन।

१६. द्वितीय चरणको लिखित परीक्षा र अन्तिम चरणको सामूहिक परीक्षण र अन्तर्वार्ताको कुल प्राप्ताङ्कको आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१७. पाठ्यक्रम अध्यावधिक भई लागू हुने मितिः २०८३।०५।२६

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, (प्रशासन, अंग्रेजी, गणित, विज्ञान, नेपाली, शारीरिक शिक्षा र सामाजिक शिक्षा) उपसमूह, अधिकृतस्तर सातौ तह, शिक्षा अधिकृत र प्रशिक्षक वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा तथा स्थानीय सेवाको स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह अधिकृतस्तर सातौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

प्रथम चरणः प्रारम्भिक परीक्षा (Preliminary Exam)

## प्रथमपत्र (Paper I): General Subject

### खण्ड-क : - सामान्यज्ञान र बौद्धिक परीक्षण (60 Marks)

**१. सामान्यज्ञान र समसामयिक विषय (30×1 Mark = 30 Marks)**

१.१ नेपालको भौगोलिक, सामाजिक, साँस्कृतिक र आर्थिक अवस्था
१.२ कर्णाली प्रदेशका महत्वपूर्ण प्राकृतिक श्रोतहरु
१.३ कर्णाली प्रदेशको भौगोलिक विविधता र हावापानीको अवस्था
१.४ आधुनिक नेपालका महत्वपूर्ण घटना, सामाजिक, साँस्कृतिक र आर्थिक अवस्था
१.५ नेपालको चालु आवधिक योजना, कर्णाली प्रदेशको चालु आवधिक योजना, बार्षिक बजेट, नीति तथा कार्यक्रमहरु
१.६ दिगो विकास, जलवायु परिवर्तन र जैविक विविधता
१.७ संयुक्त राष्ट्र संघ र सार्क सम्बन्धी सामान्य जानकारी
१.८ नेपालको संविधान
१.९ संघ, प्रदेश र स्थानीय तहको शासन प्रणाली र सुशासन, नागरिक बडापत्र र गुनासो व्यवस्थापन
१.१० निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) र नियमावली २०५० (संशोधन सहित), प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश निजामती सेवा नियमावली, २०८० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१
१.११ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित), मौजुदा शिक्षा ऐन र नियमावली
१.१२ सार्वजनिक सेवा प्रवाहः अवधारणा, महत्व र तरिकाहरु
१.१३ सार्वजनिक नीतिः अवधारणा, उद्देश्य र महत्व
१.१४ समावेशीकरण र सकारात्मक विभेद
१.१५ व्यवस्थापनका विभिन्न पक्षहरुः योजना, संगठन, निर्देशन, नियन्त्रण, समन्वय, निर्णय निर्माण, उत्प्रेरणा र नेतृत्व
१.१६ राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका महत्वपूर्ण घटना तथा वर्तमान सवालहरु

**2. General Ability Test (30×1 Mark = 30 Marks)**

**2.1 Verbal Ability Test (10×1 Mark = 10 Marks)**

Jumble words, Series, Analogy, Classification, Coding-Decoding, Matrix, Ranking Order Test, Direction and Distance Sense Test, Common Sense Test, Logical Reasoning, Assertion and Reason, Statement and Conclusions

**2.2 Numerical Ability Test (10×1 Mark = 10 Marks)**

Series, Analogy, Classification, Coding, Arithmetical reasoning/operation, Percentage, Ratio, Average, Loss & Profit, Time & Work, Data interpretation & Data verification

**2.3 Non-verbal/Abstract Ability Test (10×1 Mark = 10 Marks)**

Figure Series, Figure Analogy, Figure Classification, Figure Matrix, Pattern Completion /Finding, Analytical Reasoning Test, Figure Formation and Analysis, Rule Detection, Water images, Mirror images, Cubes and Dice &Venn-diagram

**३. नेपालमा शिक्षा (Education in Nepal) 40 ×1 Mark = 40 Marks**

३.१ नेपालमा शिक्षाको इतिहास र नेपालका महत्वपूर्ण शैक्षिक घटनाहरु
३.२ संघीय र कर्णाली प्रदेशका शिक्षा सम्बन्धी कानुनहरु

३.३  संघ, प्रदेश र स्थानीय तहको शिक्षा प्रशासनको संरचना

३.४  नेपालको शिक्षाका मुख्य योजना र आयोगका प्रतिवेदन र सिफारिसहरुः राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, राष्ट्रिय शिक्षा आयोग, २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५

३.५  शिक्षाका आधुनिक प्रवृत्तिहरु र समसामयिक मुद्धाहरु

३.६  शिक्षाको अर्थ, परिभाषा, उद्देश्य र कार्य

३.७  शिक्षा र समाज : शिक्षा र सामाजिक प्रक्रिया, शिक्षा र सामाजिक न्याय

३.८  शिक्षा र दर्शनबीचको सम्बन्ध (पश्चिमी र पूर्वेली दर्शन)

३.९  शिक्षा मनोविज्ञानको अर्थ, मानव वृद्धि र विकासको परिचय र भिन्नता

३.१० मानव विकासका विभिन्न अवस्था र विशेषताहरु : वाल्यावस्था, यौवनावस्था र किशोरावस्था

३.११ सिकाइः अवधारणा, प्रभाव पार्ने तत्वहरु र सिद्धान्तहरु

३.१२ राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६

३.१३ पाठ्यक्रमको अर्थ, परिभाषा, तत्व, प्रभाव पार्ने तत्वहरु, ढाँचा वा प्रकार, पाठ्यक्रम विकासको नमूनाहरु, नेपालमा पाठ्यक्रम विकासको प्रक्रिया, एकीकृत पाठ्यक्रम

३.१४ शिक्षक निर्देशिका, पाठ्यपुस्तक, बहुपाठ्यपुस्तक र सन्दर्भ सामग्री

३.१५ मूल्यांकनको अर्थ, परिभाषा, प्रकार, साधनहरु, परीक्षा र मूल्यांकन, परीक्षाका प्रकार, मूल्यांकनका साधनका विशेषताहरु, परीक्षण, नतिजा विश्लेषण, विशिष्टीकरण तालिका

३.१६ विद्यालय तहको पाठ्यक्रमको अभ्यास, निरन्तर विद्यार्थी मूल्यांकन र लेटर ग्रेडिङ निर्देशिका, २०७८

३.१७ जीवनोपयोगी शिक्षा र व्यवहार कुशल सीपहरु

३.१८ विद्यालय सुपरीवेक्षणः अर्थ, महत्व, प्रकार र शैलीहरु

३.१९ शिक्षण विधि र शैक्षिक सामग्रीः परिचय र प्रकार

३.२० कर्णाली प्रदेशमा महामारीमा सिकाइलाई निरन्तरता गर्नका लागि प्रयोग गर्न सकिने वैकल्पिक विधिहरु

३.२१ एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली र शिक्षामा सूचना तथा सञ्चार प्रविधि

३.२२ शैक्षणिक योजनाहरुः बार्षिक कार्यतालिका, कार्ययोजना, एकाइ योजना, पाठयोजना, समयतालिका, शिक्षण/सिकाइ सुधार योजना

३.२३ शैक्षिक योजना तथा कार्यक्रमहरुः प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, विद्यालय सुधार योजना, विद्यालय शिक्षा क्षेत्र विकास योजना

३.२४ शैक्षणिक संगठनः कक्षा शिक्षण, विषय शिक्षण, बहुकक्षा शिक्षण र बहुकक्षा बहुस्तर शिक्षण

३.२५ शैक्षिक अनुसन्धानः अवधारणा, कार्यमूलक अनुसन्धान र मामला अध्ययन

३.२६ शिक्षकको सक्षमता, शिक्षकको पेसागत दक्षता विकास र शैक्षिक नेतृत्व

३.२७ शिक्षामा पेशागत नैतिकता र आचरण, शिक्षक र विद्यार्थीको आचारसंहिता

३.२८ शैक्षिक व्यवस्थापन : कक्षाकोठा व्यवस्थापन, विविधता व्यवस्थापन, विपद् व्यवस्थापन, समय व्यवस्थापन, द्वन्द्व व्यवस्थापन र तनाव व्यवस्थापन

३.२९ शैक्षिक सुशासन : अवधारणा र तत्वहरु, गुनासो व्यवस्थापन र नागरिक बडापत्र

३.३० कर्णाली प्रदेशका शिक्षासम्बन्धी समसामयिक विषयहरुः आवासीय विद्यालय, घुम्ती विद्यालय, छात्रवृत्ति

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, (प्रशासन, अंग्रेजी, गणित, विज्ञान, नेपाली, शारीरिक शिक्षा र सामाजिक शिक्षा) उपसमूह, अधिकृतस्तर सातौ तह, शिक्षा अधिकृत र प्रशिक्षक वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा तथा स्थानीय सेवाको स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह अधिकृतस्तर सातौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

द्वितीय चरणः लिखित परीक्षा (Written Exam)

प्रथम पत्र (Paper I): General Technical Subject

## Section -(A): शिक्षा र मनोविज्ञान 30 Marks

**१. शिक्षाको परिचय र शिक्षाका आधुनिक प्रवृत्तिहरु**

१.१ शिक्षाको अर्थ, परिभाषा र स्वरुप

१.२ शिक्षाका उद्देश्यहरुः व्यक्तिगत र सामाजिक

१.३ शिक्षाका कार्यहरुः व्यक्तिगत, राष्ट्रिय, अन्तर्राष्ट्रिय, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक

१.४ शिक्षणको अर्थ र परिभाषा, शिक्षणकला र विज्ञानको रुपमा, शिक्षणका नमुनाहरु

१.५ शिक्षाका आधुनिक प्रवृत्तिहरुः मानव अधिकार र शिक्षा, बालअधिकार र शिक्षा, विद्यालय शान्तिक्षेत्रको रुपमा, निरन्तर शिक्षा, खुला सिकाइ, मानव मूल्यमा आधारित शिक्षा, शिक्षामा समान अवसर र समतामूलक पँहुच, शिक्षा र सामाजिक न्याय, आर्थिक लगानीका रुपमा शिक्षा, अनिवार्य तथा निःशुल्क शिक्षा, राष्ट्रिय एकताका लागि शिक्षा, अन्तर्राष्ट्रिय समझदारीका लागि शिक्षा

१.६ शिक्षामा अनुसन्धानः अर्थ, महत्व, प्रकारहरु (आधारभूत, प्रायोगिक र कार्यमूलक अनुसन्धान)

१.७ कर्णाली प्रदेशमा अवलम्वन गर्न सकिने घुम्ती, बहुकक्षा बहुस्तर शिक्षा र आवासीय शिक्षाको अवधारणा, अभ्यास र आवश्यकता

१.८ छात्रवृत्तिः अवधारणा, उद्देश्य र कर्णाली प्रदेशबाट प्रदान गरिने छात्रवृत्तिको प्रकार

१.९ विद्यालय स्वास्थ्य र पोषण कार्यक्रमः विद्यालय नर्स कार्यक्रम, दिवा खाजा कार्यक्रम

**२. शिक्षाको समाजशास्त्रीय र दार्शनिक आधारहरु**

२.१. समाज र समुदायको धारणा, शिक्षा र समाजबीचको सम्बन्ध

२.२. विद्यालय समाजको उप–प्रणालीको रुपमा

२.३. सामाजिक प्रक्रिया र शिक्षा

२.३.१ सामाजिकीकरणः अवधारणा, तरिका र सामाजिकीकरणका निकायहरु

२.३.२ सामाजिक अन्तरक्रियाः अर्थ, स्वरुप र कक्षाकोठामा सामाजिक अन्तरक्रिया

२.३.३ सामाजिक परिवर्तन र गतिशीलताः अर्थ, सिद्धान्त र यसको शिक्षासँगको सम्बन्ध

२.४.शिक्षाको दर्शनका विभिन्न पक्षसँग सम्बन्ध र तिनीहरुको प्रभाव तथा कार्यान्वयन

२.४.१ आदर्शवाद, प्रकृतिवाद, यथार्थवाद, प्रयोजनवाद र अस्तित्ववाद

२.४.२ पूर्वीय दर्शन र शिक्षा

**३. शैक्षणिक विधि र प्रविधि तथा सामग्री**

३.१. शैक्षणिक विधि र पद्धतिको अर्थ, परिभाषा र तत्त्वहरु

३.२. शिक्षण र सिकाइ बीचको अन्तरसम्बन्ध, शिक्षण सिकाइमा शिक्षक, विषयविज्ञ र सुपरिवेक्षकको भूमिका

३.३. सिकाइमा सूचना तथा सञ्चार प्रविधिको महत्व र प्रयोग

३.४. शिक्षण सिकाइमा प्रयोग गरिने विद्यार्थी केन्द्रित, शिक्षक केन्द्रित र अन्तरक्रियात्मक शिक्षण विधिहरु

३.५. विपद्को समयमा प्रयोग गर्न सकिने शिक्षण सिकाइका वैकल्पिक विधिहरु

३.६. शैक्षणिक योजनाः शिक्षण सुधार योजना, पाठ योजना, एकाइ/विषय शीर्षक (Theme) योजना, बार्षिक कार्ययोजना, बार्षिक कार्यपात्रो र दैनिक समयतालिका

३.७. शैक्षिक सामग्रीको अवधारणा, प्रकार, छनौट, तयारी तथा प्रयोग

**४. शिक्षा मनोविज्ञान**

४.१. शिक्षा मनोविज्ञानको अर्थ, क्षेत्र, आवश्यकता र महत्व

४.२. मानव विकास

४.२.१ वृद्धि र विकासको अवधारणा, मानव विकासका सिद्धान्त र विशेषताहरु

४.२.२ मानव विकास अध्ययनको उद्देश्य, महत्व तथा अध्ययनका विधिहरु

४.२.३ मानव विकासका चरणहरु

४.३. वाल्यावस्थाः परिचय, पूर्ववाल्यावस्था र उत्तर वाल्यावस्थाका विशेषताहरु, विकासात्मक कार्यहरु, शारीरिक, सामाजिक र संवेगात्मक परिवर्तन

४.४. यौवनावस्थाः परिचय, विशेषताहरु, विकासात्मक कार्यहरु, शारीरिक, सामाजिक र संवेगात्मक परिवर्तन

४.५. किशोरावस्थाः परिचय, विशेषताहरु, विकासात्मक कार्यहरु, शारीरिक परिवर्तन, सामाजिक र संवेगात्मक परिवर्तन, रुचिहरु र उनीहरुमा देखापर्ने मुख्य व्यवहारहरु

## Section -(B): सिकाई र पाठ्यक्रम तथा मूल्याङ्कन 25 Marks

**५. सिकाई र यसका सिद्धान्तहरु**

५.१. सिकाईको परिचयः सिकाइको अर्थ, स्वरुप र सिकाइका अपवाद, परिपक्वता र सिकाई

५.२. सिकाइ र बुद्धिमत्ता, बुद्धिमत्ताका सिद्धान्तहरु, वहु– बुद्धिमत्ता, संवेगात्मक बुद्धिमत्ता

५.३. सिकाइका सिद्धान्तहरुः विशेषता र शैक्षिक उपयोग

५.३.१ शास्त्रीय सम्बन्धन

५.३.२ कार्यपरक सम्बन्धन

५.३.३ प्रयत्न र भूल सिकाई

५.३.४ अन्तरदृष्टि सिकाई सिद्धान्त

५.३.४ जिन पियाजे र लेव भिगोत्सीका सिकाइ सिद्धान्तहरु

५.३.५ ग्याग्नेको तहगत सिद्धान्तहरु

५.३.६ बान्दुराको सामाजिक सिकाई सिद्धान्त

५.४. सिकाइमा प्रभाव पार्ने तत्त्वहरु

५.४.१ सिकाइको स्थानान्तरणः अवधारणा, प्रकार, सिद्धान्त र प्रभाव पार्ने तत्त्वहरु

५.४.२ स्मरण र विस्मरणः स्मरणको अवधारणा, प्रकार, मापन प्रक्रिया र स्मृति क्षमतामा सुधारका विधिहरु

५.४.३ विस्मरणको अवधारणा र कारणहरु

५.४.४ उत्प्रेरणाः अवधारणा, प्रकार र सिकाइमा प्रयोग गरिने उत्प्रेरकहरु

५.४.५ अभ्यासः अवधारणा, प्रकार र उपयोग

५.४.६ पुनर्वलः अवधारणा, प्रकार र उपयोग

**६. पाठ्यक्रम र पाठ्यसामग्रीको विकास र व्यवस्थापन**

६.१. पाठ्यक्रमः अवधारणा, तत्त्व र आवश्यकता

६.२. पाठ्यक्रमको ढाँचा र नमुना

६.२.१ ढाँचाः विषय-केन्द्रित, क्रियाकलाप-केन्द्रित, जीवन परिस्थितिमा आधारित र मुख्य पाठ्यक्रम

६.२.२ पाठ्यक्रम विकासका नमूनाहरुः तार्किक, चक्रीय र गतिशील नमूना

६.३. नेपालको विद्यालय तहको पाठ्यक्रम विकास प्रक्रिया

६.४. पाठ्यक्रम निर्माणमा प्रभाव पार्ने तत्त्वहरुः विद्यार्थी, समकालीन समाज तथा सँस्कृति, विषयवस्तु, दर्शन र मनोविज्ञान

६.५. राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६

६.६. विद्यालय तहको वर्तमान परिमार्जित पाठ्यक्रम सम्बन्धी जानकारी

६.७. पाठ्यक्रम विकासका आधुनिक प्रवृत्तिहरुः एकीकृत पाठ्यक्रम, सुषुप्त पाठ्यक्रम र स्थानीय पाठ्यक्रम

६.८. पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीः परिचय, महत्व र प्रयोग

६.९. नेपालमा पाठ्यक्रम र पाठ्यसामग्री विकासमा विभिन्न तह र निकायको भूमिका

**७. मूल्याङ्कनको परिचय र प्रयोजन**

७.१. मापन र मूल्याङ्कनको अवधारणा, मूल्याङ्कनका प्रकार

७.२. मूल्याङ्कनका साधनहरु र मूल्याङ्कनका साधनमा हुनुपर्ने विशेषताहरु

७.३. परीक्षणको अर्थ र प्रकारः मानक र मापदण्डमा आधारित, विषयगत र वस्तुगत, स्तरीकृत र गैर– स्तरीकृत अथवा शिक्षक निर्मित परीक्षण

७.४. विद्यार्थी मूल्याङ्कनः परिचय, निरन्तर विद्यार्थी मूल्याङ्कन र लेटर ग्रेडिङ पद्धति

७.५. विद्यार्थी मूल्याङ्कनको लागि संरचनागत व्यवस्था तथा सङ्घीय व्यवस्थामा विभिन्न निकायको भूमिका

७.६. विद्यार्थी उपलब्धि परीक्षणः परिचय, उद्देश्य, प्रक्रिया, नतिजाको विश्लेषण र यसको उपयोग

७.७. प्रारम्भिक कक्षा पढाइ परीक्षण र विद्यालयको कार्यसम्पादन परीक्षणः परिचय, उद्देश्य, महत्व, नतिजाको विश्लेषण र यसको उपयोग

७.८. परीक्षण विकास प्रक्रियाः उद्देश्य निर्धारण, विषयवस्तुको छनौट, विशिष्टिकरण तालिकाको विकास, प्रश्नहरुको लेखन, प्रश्नहरुको विश्लेषण र सम्पादन, विश्वसनीयता र वैधता निर्धारण, अन्तिम प्रश्नपत्रको निर्माण, साँस्कृतिक आधारमा परीक्षणको समायोजन, परीक्षण-सञ्चालन, परीक्षण र नतिजा विश्लेषण

७.९. सामान्य सांख्यिकीय विश्लेषण

७.९.१ तथ्याङ्कको संकलन, विश्लेषण र प्रस्तुतीकरण

७.९.२ केन्द्रीय प्रवृत्तिको मापनः मध्यक, मध्यिका र रित

७.९.३ तथ्याङ्कको तुलनात्मक स्थितिको गणनाः प्रतिशताङ्क र प्रामाणिक प्राप्ताङ्क

७.९.४ विचरणशिलताको मापनः तथ्याङ्कको विस्तार र स्तरीय भिन्नता

## Section (C): शैक्षिक प्रशासन र व्यवस्थापन 25 Marks

**८. शिक्षा प्रशासन र शैक्षिक व्यवस्थापन**

८.१. राष्ट्रिय शिक्षा नीति, २०७६ र कर्णाली प्रदेशको शिक्षा सम्बन्धी नीति

८.२. नेपालको संघ, प्रदेश र स्थानीय शिक्षा प्रशासन सम्बन्धी व्यवस्था

८.३. नेपालमा शिक्षाको संरचनाः अनौपचारिक, निरन्तर शिक्षा, प्रारम्भिक बाल विकास र शिक्षा, विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम तथा उच्च शिक्षा

८.४. शिक्षा आयोगका प्रतिवेदनहरु तथा योजनाहरुमा विद्यालय शिक्षाको संरचना, तहगत उद्देश्य, पाठ्यक्रम, शिक्षक र विद्यार्थी मूल्याङ्कन सम्बन्धी सुझावहरु

**९. विद्यालय व्यवस्थापन**

९.१. विद्यालय व्यवस्थापनः अर्थ, उद्देश्य, प्रकार र महत्व

९.२. विद्यालयमा सकारात्मक अनुशासन र विद्यालयले पालना गर्नुपर्ने शर्तहरु

९.३. विद्यालय सुशासनः सामाजिक परीक्षण, गुनासो सुनुवाई, नागरिक बडापत्र

९.४. विद्यालय स्थापना वा कक्षा थपका आधारहरुः जनसंख्या, भौगोलिक अवस्था, सामाजिक बनौट, तल्लो तहको विद्यालयहरु, विद्यालय छनौटको अवसर, लागत र कुशलताको प्रश्न, समता र गुणस्तरको प्रश्न

९.५. सामुदायिक र संस्थागत विद्यालयको व्यवस्थापनः सेवा क्षेत्रको अवधारणा, सामुदायिक र संस्थागत विद्यालय स्थापनाका आधारहरु तथा उपलव्धिको तुलनात्मक अवस्था

९.६. विद्यालय स्तरीकरण तथा वर्गीकरण

९.७. विद्यालय व्यवस्थापन सम्बन्धमा विभिन्न तहको भूमिकाः नीति निर्माण र स्तर निर्धारण, स्रोत परिचालन, अनुमति तथा दैनिक कार्य सञ्चालनको व्यवस्थापन

**१०. विद्यार्थी र शिक्षक सम्बन्धी व्यवस्थापन**

१०.१. विद्यार्थी भर्ना र समूह विभाजनका आधार

१०.२. समता तथा व्यक्तिको पूर्ण क्षमता विकास गर्ने विषयः विद्यार्थीलाई विभिन्न समूहमा राख्ने आधार (उपलब्धिका आधारमा वा मिश्रित) र यसका फाइदा र वेफाइदाहरु

१०.३. विद्यार्थीको नेतृत्व विकासमा विद्यालयको भूमिकाः विद्यालयमा प्रजातान्त्रिक अभ्यासको अवसर, नेतृत्व लिने अवसर, बहु-प्रतिभाको खोजी, चिनारी र विकासको अवसर

१०.४. शिक्षक व्यवस्थापनः अवधारणा र महत्व

१०.५. शिक्षक सक्षमता र शिक्षक तयारी, अध्यापन अनुमति पत्र

१०.६. शिक्षक सेवाको गठन र परिचालनः पदको स्वीकृति, माग र तयारी, पदका आधारमा भर्ना गर्ने पद्धति, तहगत रुपमा शिक्षक तयारी र भर्ना, शिक्षकको सरुवा र बढुवाको व्यवस्थापन

१०.७. शिक्षकको पेशागत विकासः संरचना, नीति र कार्यक्रमहरु

१०.८. कार्यमूलक अनुसन्धानः अवधारणा, महत्व र चक्र

१०.९. नेपालमा विद्यार्थीको सिकाइ क्षति आपूरण (Learning Loss Recovery) सम्बन्धी जानकारी

**Section (D): सार्वजनिक व्यवस्थापन र कार्यालय सञ्चालन 20 Marks**

**११.सार्वजनिक व्यवस्थापन**

११.१. कर्मचारी व्यवस्थापनका विविध पक्षहरुः कार्यविश्लेषण, कार्यविवरण, कार्यमूल्याङ्कन, भर्ना, छनौट, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, तलब सुविधा, उत्प्रेरणा, वृत्ति विकास र अवकाश

११.२. सार्वजनिक व्यवस्थापनमा निर्देशन, नियन्त्रण, पदसोपान, निर्णय प्रक्रिया, नेतृत्व, समन्वय, अधिकार प्रत्यायोजन र निक्षेपण, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन

११.३. सार्वजनिक सेवा प्रवाहको अर्थ, महत्व र सेवा प्रवाह गर्ने तरिका/माध्यमहरु

११.४. सार्वजनिक सेवा प्रवाहमा कम्प्युटर, इन्टरनेट, सामाजिक सञ्जाल, भर्चुअल सिकाइ सूचना तथा सञ्चार प्रविधिको प्रयोग, अवसर तथा चुनौतीहरु

११.५. नैतिकता, व्यावसायिकता, अनुशासन र आचार-संहिता

११.६. सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन

**१२.कार्यालय व्यवस्थापन तथा लेखा**

१२.१. कार्यालय कार्यविधिः टिप्पणी, चिठ्ठीपत्र र प्रतिवेदन

१२.२. अभिलेख व्यवस्थापन र जिन्सी व्यवस्थापन

१२.३. लेखा प्रणाली र लेखापरीक्षणको परिचय, विशेषता, उद्देश्य र आधारभूत सिद्धान्त

१२.४. बजेटको अर्थ, सिद्धान्त, प्रकार र महत्व तथा लैङ्गिक उत्तरदायी बजेट

१२.५. वित्तीय सुशासन, बेरुजु र बेरुजु फछ्र्यौट सम्बन्धी व्यवस्था

१२.६. सार्वजनिक खरीद सम्बन्धी कानुनी व्यवस्था र कार्यविधि

## प्रथम पत्रको प्रश्नसंख्या तालिका

| खण्ड | A-३० | | | | B-२५ | | | C-२५ | | | D-२० | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| छोटो प्रश्न | १ | १ | १ | १ | - | १ | - | १ | १ | १ | १ | १ |
| लामो प्रश्न | १ | | | | २ | | | १ | | | १ | |

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, प्रशासन उपसमूह, अधिकृतस्तर सातौ तह, शिक्षा अधिकृत वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा तथा स्थानीय सेवाको स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह अधिकृतस्तर सातौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## द्वितीय पत्र (Paper II) : Service- Group Specific Subject

### Section -(A): सुपरिवेक्षणको अवधारणा र कार्य प्रक्रिया 30 Marks

**१. निरीक्षण तथा सुपरीवेक्षणको अवधारणा**

१.१. अर्थ, परिभाषा, उद्देश्य र सिद्धान्तहरु

१.२. महत्व र कार्यहरु

१.३. प्रकारहरु र तिनीहरुको चक्र

१.४. नवीनतम चिन्तन र अभ्यासहरु

**२. विद्यालय सुपरीवेक्षणको प्रक्रिया**

२.१. विद्यालय सुपरीवेक्षणको लागि योजना, कक्षा अवलोकन तथा निर्देशन

२.२. सुपरीवेक्षणका प्रविधिहरु

२.३. सुपरीवेक्षण सम्बन्धी आधारभूत सीपहरुः सञ्चार, शैक्षिक नेतृत्व, मानवीय क्षमता प्रस्फुटन, शिक्षकको मनोवल

**३. सुपरीवेक्षणको कार्य तथा गुणहरु**

३.१. सुपरीवेक्षण कार्यः नेतृत्व प्रदान, कार्यक्रम निर्माण, कार्यशाला र सम्मेलनको आयोजना तथा कार्यान्वयन

३.२. सुपरीवेक्षकको व्यक्तिगत, पेशागत र मनोसामाजिक गुण

३.३. कक्षा अवलोकनः रणनीति, अवलोकन फाराम र साधन/प्रविधिः निर्माण र प्रयोग

३.४. कक्षाकोठाभित्रको अन्तरक्रियाः अवधारणा, फाइदा र प्रयोग

३.५. अनौपचारिक, विशेष र समाहित शिक्षाका कक्षाहरुको सुपरीवेक्षण

३.६. प्रदेश र स्थानीय तहको शिक्षा अधिकृतको काम, कर्तव्य र उत्तरदायित्व

### Section-(B): सुपरिवेक्षणको इतिहास र कानुनी व्यवस्था 20 Marks

**४. नेपालमा शैक्षिक निरीक्षण तथा सुपरीवेक्षण**

४.१. २००७ साल पूर्व नेपालको शैक्षिक निरीक्षण तथा सुपरीवेक्षणको इतिहासः प्राचीनकाल, लिच्छविकाल, मल्लकाल र शाहकाल

४.२. २००७ देखि २०२८ सालसम्म विकसित भएको निरीक्षण तथा सुपरीवेक्षण प्रविधि

४.३. २०२८ पछि २०७२ सम्म विकसित निरीक्षण तथा सुपरीवेक्षण प्रणाली

४.४. सङ्घीयता पछिको विद्यालय निरीक्षण तथा सुपरीवेक्षण प्रणाली

४.५. विद्यालय सुपरीवेक्षणको चूनौती तथा समाधानका उपायहरु

**५. नेपालमा शिक्षाको विकास, निरीक्षण तथा सुपरीवेक्षणका सम्बन्धमा भएका प्रयासहरु र कानूनी व्यवस्था**

५.१. नेपालको संविधानमा शिक्षा सम्बन्धी व्यवस्था

५.२. संघीय सरकार र कर्णाली प्रदेशको चालु आवधिक योजना र बजेटमा शिक्षा सम्वन्धी व्यवस्था

५.३. कर्णाली प्रदेशको शिक्षा सम्वन्धी नीति तथा कार्यक्रम

५.४. संघीय र कर्णाली प्रदेशका शिक्षा सम्बन्धी कानूनहरु

५.५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था

५.६. नेपालमा निरीक्षण तथा सुपरीवेक्षणको व्यवहारिक नमूनाहरुः सेती परियोजना, प्राथमिक शिक्षा परियोजना र आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो र दोस्रो

५.७. विभिन्न आयोग तथा योजनाहरुमा निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी सुझावहरु

५.७.१. नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन, २०११

५.७.२. सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन, २०१८

५.७.३. राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८

५.७.४. राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

५.७.५. उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५

## Section (C): कक्षाकोठा र शैक्षिक व्यवस्थापन 30 Marks

### ६. कक्षा कोठा व्यवस्थापन

६.१. अवधारणा र महत्व, विविधता व्यवस्थापन

६.२. शैक्षणिक संगठनः कक्षा शिक्षण, विषय शिक्षण, बहुकक्षा शिक्षण र बहुकक्षा बहुस्तर शिक्षण

६.३. कक्षाकोठा व्यवस्थापनको वार्षिक कार्ययोजना निर्माण र प्रयोग

६.४. विद्यार्थीमा देखिने मनोसामाजिक समस्या र परामर्श, मनोवैज्ञानिक वातावरणको व्यवस्थापन

६.५. शिक्षण सिकाइको व्यवस्थापन

६.६. विद्यार्थी मूल्याङ्कनको अभिलेखन र प्रतिवेदनको व्यवस्थापन

### ७. शैक्षिक व्यवस्थापन र सूचना तथा सञ्चार प्रविधि

७.१. शैक्षिक व्यवस्थापनको अवधारणा, महत्व, क्षेत्र र शिक्षामा यसको प्रयोग

७.२. शैक्षिक प्रशासन र शैक्षिक व्यवस्थापन

७.३. विद्यालयसँग सम्बन्धित पक्षहरु तथा कार्यहरुको व्यवस्थापनः समय, तनाव, द्वन्द्व र विपद् व्यवस्थापन

७.४. एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली

७.५. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

७.६. साइबर अपराध र सुरक्षा

### ८. शैक्षिक निरीक्षण तथा सुपरीवेक्षणमा शिक्षाका निकायहरुको भूमिका र कर्तव्य

८.१. संघीय र प्रदेश सरकारका शिक्षा सम्बन्धी निकायहरु

८.२. शिक्षासँग सम्बन्धित स्वःशासित संस्थाहरु

८.३. स्थानीय तहको शिक्षा सम्बन्धी भूमिका

८.४. विद्यालय स्तरीय प्रावधान

## Section (D): शैक्षिक योजना, अनुगमन तथा मूल्याङ्कन 20 Marks

### ९. शैक्षिक योजना

९.१. शैक्षिक योजनाको अवधारणाः अर्थ, उद्देश्य र चरणहरु

९.२. शैक्षिक योजना निर्माणका आधारहरु

९.३. शैक्षिक सुधारका लागि शिक्षा योजना

९.४. शैक्षिक योजना निर्माणको प्रक्रियाः आवश्यकताको पहिचान, उद्देश्य निर्माण, नीति निर्माण, प्राथमिकता निर्धारण र सम्भाव्यता अध्ययन

९.५. विद्यालय शिक्षा क्षेत्र योजना

९.६. शैक्षिक योजना तर्जुमा कार्यान्वयन र मूल्याङ्कनमा देखा परेका समस्या र समाधानका उपायहरु

## १०. अनुगमन तथा मूल्याङ्कन

१०.१. अनुगमन तथा मूल्याङ्कनको अवधारणाः अर्थ, उद्देश्य, महत्व, प्रयोग र पृष्ठपोषण

१०.२. शैक्षिक सूचकहरुः अवधारणा र निर्णय प्रक्रियामा प्रयोग

१०.३. विद्यालयमा आधारित र नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन

१०.४. विद्यालय अनुगमन तथा मूल्याङ्कनमा देखिएका समस्या र समाधानका उपायहरु

<u>द्वितीय पत्रको प्रश्नसंख्या तालिका</u>

<table>
<tr><td>खण्ड</td><td colspan="3">A-30</td><td colspan="2">B-20</td><td colspan="3">C-30</td><td colspan="2">D-20</td></tr>
<tr><td>एकाई</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td><td>८</td><td>९</td><td>१०</td></tr>
<tr><td>छोटो प्रश्न</td><td>१</td><td>-</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>-</td><td>१</td><td>१</td></tr>
<tr><td>लामो प्रश्न</td><td colspan="3">२</td><td colspan="2">१</td><td colspan="3">२</td><td colspan="2">१</td></tr>
</table>

## सामूहिक परीक्षण

सामुहिक परीक्षण व्यक्तित्व परीक्षणको एक अंश हो। प्रदेश निजामती सेवा र स्थानीय सेवाको क्षेत्र विस्तार तथा कार्य पद्धति परिवर्तन समेत भैरहेको सन्दर्भमा सरकारको नीति, योजना, कार्यक्रम लगायत शासन व्यवस्था सम्बन्धी समसामयिक विषय माथि विचार– विमर्श, छलफल गरी तिनको अझै बढी प्रभावकारी तथा कार्यान्वयनयोग्य समाधान पहिल्याउने सम्बन्धमा उम्मेदवारहरुको क्षमता पहिचान गर्नु यस परीक्षणको मूल मर्म हो। यसको लागि छलफल, विचार– विमर्श गरी परिस्थिति बुझ्न सक्ने, निर्णय दिने, जनतालाई क्रियाशील बनाउने, चित्त बुझाउने, निर्धारित लक्ष्य अनुसार काम गर्ने/गराउने, जस्ता कामका लागि लेखन क्षमताका साथसाथै समस्यालाई यथार्थपरक ढंगले पहिचान गर्नसक्ने, वाकपटुता, शिष्टता, तर्कशक्तिको पनि आवश्यकता पर्दछ।

त्यसैले यस परीक्षणमा उम्मेदवारहरुको बौद्धिक क्षमता, संचार सीप, समूह गतिशिलता, व्यवहार, व्यक्तित्व, मनोवृति, क्रियाशीलता, निर्णयशक्ति, समस्या समाधान क्षमता, नेतृत्व क्षमता, समय व्यवस्थापन तथा व्यक्तित्वमा भएका अन्य गुणहरुको आंकलन अर्थात परीक्षण र मूल्याङ्कन गर्नको लागि उम्मेदवारहरुलाई कुनै समसामयिक विषय/सवाल/समस्यामा सामूहिक छलफल गरी समस्या समाधान केन्द्रीत प्रभावकारी र कार्यान्वयन योग्य समाधान निकाल्न दिइन्छ।

यस प्रयोजनको लागि गरिने परीक्षण १० पूर्णाङ्क र ३० मिनेट अवधिको हुनेछ जुन नेताविहिन सामूहिक छलफलको रुपमा अवलम्वन गरिनेछ। दिइएको विषय/सवाल/समस्याका विषयमा पालैपालोसँग निर्दिष्ट समयभित्र समूहवीच छलफल गर्दै प्रत्येक उम्मेदवारले व्यक्तिगत प्रस्तुति गर्नुपर्नेछ। यस परीक्षणमा मूल्याङ्कनको लागि देहाय अनुसार समिति रहनेछ।

| | |
|---|---|
| आयोगको अध्यक्ष वा सदस्य | – अध्यक्ष |
| मनोविज्ञानवेत्ता | – सदस्य |
| दक्ष/विज्ञ (१ जना) | – सदस्य |